# प्रदेश योजना आयोगका निर्णयहरु

मितिः २०७५।०१।०३

१. प्रदेश सरकारको योजना तर्जुमाका लागि सबै मन्त्रालयका सचिवहरुको बैठक राखी सुझाव लिने ।

२. प्रदेश सभाका माननीय सदस्यहरुको निर्वाचन क्षेत्रमा पर्ने विकास आयोजनाहरुको सूची र नीतिगत प्राथमिकता संकलन गर्न माननीयहरुको बैठक बोलाउने ।

३. १०९ स्थानीयतहबाट चालु आ.व. मा संचालनमा रहेका/गरिने आयोजनाहरुको प्रारम्भिक अध्ययन तथा लागत अनुमान सहितको विवरण माग गर्ने ।

४. योजना तर्जुमा सम्बन्धमा २०७५ वैशाख भित्र सम्बन्धित जिल्ला समन्वय समितिको सहयोगमा दाङ, नेपालगञ्ज, पाल्पा र बुटवलमा सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रम गर्ने ।

५. प्रदेश योजनाको प्रारुप तयार पार्न आयोगका उपाध्यक्षको नेतृत्वमा विषय विज्ञ सहितको प्रादेशिक योजना तर्जुमा समिति बनाउने ।

६. आ.व. २०७५।०७६ को बजेट तर्जुमा गर्न सबै मन्त्रालयबाट नीति तथा कार्यक्रम बनाई पेश गर्न सम्बन्धित सचिवहरुलाई अनुरोध गर्ने ।

७. प्रदेशको लागि श्रोत समिति गठन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत नेपाल राष्ट्र बैंकको प्रतिनिधि खटाइदिन अनुरोध गर्ने ।